राष्ट्रिय चुनाव आयोगको
सूचना

जनमत संग्रह नियमावली, २०३६ को नियम १० को उप-नियम (२) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय चुनाव आयोगले देहायको आदेश जारी गरेको छ :–

जनमत संग्रहमा मतदान गर्दा पञ्चायत व्यवस्था कायम राख्न चाहने मतदाताले मतपत्रमा पहेंलो रङ्ग भएको स्थानमा र बहुदलीय शासन व्यवस्था चाहने मतदाताले मतपत्रमा नीलो (आकाशे) रङ्ग भएको स्थानमा "मत" भन्ने संकेत भएको राष्ट्रिय चुनाव आयोगको छाप लगाई मतदान गर्नु पर्दछ ।

आज्ञाले–
कृष्णप्रसाद घिमिरे
सदस्य-सचिव
राष्ट्रिय चुनाव आयोग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।